# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६५/३/२० गते शुक्रवार देखि २०६५/३/२६ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ७७ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार २५३२ कारोवारबाट ४० करोड ८८ लाख ७४ हजार रुपैयाँ बराबरका ६ लाख १४ हजार ६४ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १३.३१ प्रतिशतले ह्रास भएको हो । गत साता ३५०६ शेयर कारोवारबाट ४७ करोड १६ लाख ६६ हजार रुपैयाँ बराबरका ४ लाख ७५ हजार ३ सय ६१ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र २१ करोड ५१ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ५२.६१ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २२.५९ अंकले वृद्धि भई अन्तिम दिन ९४९.५२ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ९४७.४० | ४२२.९१ | ३७२.४१ | ८१७.४७ | ११८३.८२ | २१२.५५ | ८१८.२० | १०९४.६७ | ११४४.२९ | ९२६.९३ | २४३.९५ |
| दोस्रो | ९५२.१४ | ४२७.६७ | ३७२.४१ | ८१७.४७ | ११९१.३० | २१२.५५ | ८१७.०३ | १०९३.७४ | ११३३.३३ | ९२९.७२ | २४५.२२ |
| तेस्रो | ९६१.३७ | ४२७.६७ | ३७३.५७ | ८१७.४७ | १२०६.१६ | २१२.५५ | ८१७.११ | १०९६.३७ | ११२९.७० | ९३६.४६ | २४७.५७ |
| चौथो | ९७३.३९ | ४२६.०७ | ३७३.५७ | ८१७.४७ | १२०९.९७ | २१२.५५ | ८१७.६९ | १०९६.८५ | ११३९.३० | ९४४.८६ | २५०.२४ |
| पाँचौं | ९७८.९९ | ४२६.०७ | ३७३.५७ | ८१७.४७ | १२१८.१५ | २१२.५५ | ८१७.२० | १०९९.१६ | ११४६.३९ | ९४९.५२ | २५१.३३ |
| परिवर्तन | ३१.५९ | ३.१६ | १.१६ | ०.०० | ३४.३३ | ०.०० | -१.०० | ४.४९ | २.१० | २२.५९ | ७.३८ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ७.३८ अंकले वृद्धि भई २५१.३३ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (८ करोड ४६ लाख रुपैयाँ) तथा शेयर संख्या (१ लाख ३८ हजार) को आधारमा माच्छापुच्छ्रे वैंक लि. र कारोवार संख्या (१४१) को आधारमा एक्सल डेभलपमेण्ट वैंक लि. अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | माच्छापुछ्रे वैंक | ८४.६७ |
| २ | स्टयाण्डर्ड चाटर्ड वैंक (नेपाल) | ३४.९० |
| ३ | वैंक अफ काठमाण्डू | ३०.१३ |
| ४ | नेपाल वंगलादेश वैंक | २९.५७ |
| ५ | नेशनल हाइड्रो पावर कम्पनी | २८.९६ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।

## अन्य गतिविधि

धितोपत्र कारोबारमा संलग्न हुने लगानीकर्ताहरुको धितोपत्र कारोबारको हिसाव (खरिदकर्ताबाट रकम प्राप्त गर्ने र विक्रीकर्ताबाट शेयर प्रमाणपत्र दिने कार्य) निर्धारित समय अर्थात कारोबार भएको दिनबाट ३ दिन भित्र सदस्य दलाल मार्फत स्टक एक्सचेन्जमा वुझाई राफसाफ गरी लगानीकर्ताहरुलाई कारोबारको भुक्तानी तथा कागजको लेनदेन कार्यमा ढिलाई हुने गरेको गुनासो आईरहेकोले नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको ध्यानाकर्षण भएको छ । सर्वसाधारण लगानीकर्ताहरुको हितको संरक्षण गर्न प्रतिवद्ध यस लिमिटेड शेयर विक्री वापतको रकम समयमा नै प्राप्त भए बजारमा स्वच्छता कायम हुनेतर्फ सधै क्रियाशील रहदै आएको छ । यसै क्रममा भुक्तानीका लागि बैंकमा रकम दाखिला भैसकेको विवरण (Payout) र हिसाव राफसाफ हुन बाँकी विवरण (Due Settlement) यस लिमिटेडको को वेभसाईट www.nepalstock.com मा आजै देखि दिन थालेका छौं । साथै स्टक एक्सचेञ्जले सदस्य दलाललाई कारोबार राफसाफ पश्चात प्राप्त रकम तथा कागजात सम्बन्धित पक्षलाई बुझाएको विवरण हरेक शुक्रवार कार्यालय समयभित्र बुझाउन निर्देशन दिएको छ ।

यसैगरी लगानीकर्ताहरुलाई समयमा भुक्तानी नभएमा मौखिक रुपमा जानकारी गराउनका लागि ४२५०५१४ हटलाईन फोनको व्यवस्था गरिएको छ । एक्सचेञ्जले भुक्तानी सम्बन्धी समस्या भएमा स्टक एक्सचेञ्जलाई लिखित जानकारी गराउन समेत सर्वसाधारणलाई आग्रह गरेको छ ।